१) आ.व. २०७५/०७६ का योजनाहरु बारे वडागत रुपमा वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । निर्माण सम्पन्न भएका र निर्माणधिन योजनाहरुको पूर्ण रुपमा अनुगमन गर्ने र बाँकी रहेका योजनाहरु यथाशिघ्र सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो । समग्रमा योजनाहरुको समीक्षा गरियो ।

२) अपाङ्गता परिचय पत्र वितरण स्थानिय समन्वय समिति, मर्स्याङ्दी गाउँपालिका निम्नानुसारको सदस्यहरु रहने गरी गठन गर्ने निर्णय गरियो ।

१. संयोजक, उपाध्यक्ष, होम बहादुर बि.क.

२. सदस्य, महिला सदस्य, अनिता बि.क.

३. सदस्य, प्र.अ. सोम बहादुर भण्डारी

४.सदस्य, चिकित्सक, डा. हिक्मत भण्डारी

५. सदस्य, खुदी प्रहरी चौकी प्रमुख अर्जुन के.सी.

६. सदस्य, अध्यक्ष, अपाङ्ग सञ्जाल, मर्स्याङ्दी गा.पा. नारायण भण्डारी

७. सदस्य, बि माया तमाङ, मर्स्याङ्दी - ८

८. सदस्य, प्रेम बहादुर तमाङ, मर्स्याङ्दी - ६

९. सदस्य, महादेव कतिला, मर्स्याङ्दी - ३

१०. सदस्य, महिला तथा बालबालिका शाखा प्रमुख धन कुमारी दुरा

११. सदस्य, सामाजिक विकास शाखा प्रमुख राम बहादुर थापा

३) बर्षाको समयमा धेरै पानी पर्ने र त्यसले सडकलाई अत्यन्तै क्षति पुर्‍याउने भएको हुँदा गाउँपालिका भित्रका विभिन्न सडकहरुमा ३८ जना सडक हेरालु राख्ने निर्णय गरियो । सोका लागि विनियोजित रकम अपुग हुने भएको हुँदा अपुग रकम रु. २,००,०००।- सोही **अन्य सार्वजनिक निर्माण (३११५९** ) शिर्षकको धैरेनी खेल मैदान डिपिआर कार्यक्रमबाट रकमान्तर गर्ने निर्णय गरीयो ।

४) बर्षाको समयमा आईपर्न सक्ने सम्भावित जोखिम/विपदहरु र बाढी पहिरो रोकथामका लागी विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी रु.३,००,०००।- बराबरको (२×१×१) मी.को जाली खरिद गर्ने निर्णय गरियो ।

५) चनौटे सिँचाई आयोजना, मर्स्याङ्दी-६ को कुलो पहिरोले भत्काएको र तत्काल सिँचाई व्यवस्था गर्न आवश्यक देखिएकोले विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी सो सिँचाईको निम्ति ९० एम एम को २० मी. पाईप खरिद गर्न रु. १२,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

६) गाउँकार्यपालिकामा प्राप्त निवेदनहरुको आधारमा विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धि खर्च शिर्षकबाट निम्नानुसारको आर्थीक सहयोग गर्ने निर्णय गरियो ।

- मर्स्याङ्दी बहुउद्धेश्यीय कृषि सहकारी संस्था लि., मर्स्याङ्दी - ३ उद्घाटन समारोहमा भएको खर्च रु. ४६,६५०।-

- बाघेता यूनाईटेड क्लवको कार्यक्रमलाई रु. २५,०००।-
- लामपोखरी यूवा क्लव, मर्स्याङ्दी - ९, लामागाउँको फुटबल प्रतियोगितालाई रु. २५,०००।-

७) विपद व्यवस्थापन कोषबाट निम्नानुसारको सहयोग प्रदान गर्ने निर्णय गरियो ।

- हुम बहादुर गुरुङ, मर्स्याङ्दी - २ - १०,०००।- (भैंसी गोठ आगलागि)
- खर सिँह बि.क., मर्स्याङ्दी - २ - १५,०००।- (हावा हुरीले क्षति ग्रस्त)
- भगवती खत्री, मर्स्याङ्दी-३ - रु.१०,०००।- (असिना पानीले घरमा क्षति पुऱ्याएको)

८) स्याङ्गे झोलुङ्गे पुल मर्मतमा विनियोजित रकम रु. ३,००,०००।- अपुग भएकोले सो योजनाका लागि थप रु.१,५०,०००।- खुदी पुरानो झोलुङ्गे पुल मर्मत शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

९) मर्स्याङ्दी गाउँपालिकाको वडा नं १ र ३ को वडा कार्यालय भवनको डिपिआरको लागि आवश्यक रु.२,५०,०००।- वडा नं. १ को वडा कार्यालय भवन निर्माण शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

१०) सिम्पानी र ताघृङको ढुङ्गा खानीहरुको आई ई ई गर्नको लागि विनियोजित रकम रु. २,००,०००।- अपुग हुने भएकोले थप खुदी लगायतका स्थानहरुमा समेत गरी ४ स्थानको आई ई ई गर्नुपर्ने भएकोले सोका लागी आवश्यक थप रु. २,५०,०००।- वडा नं. ३ को वडा कार्यालय भवन निर्माण शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

११) मर्स्याङ्दी ९ र ३ जोड्ने खुदी खोलामा स्थित खुदी पुरानो झोलुङ्गे पुल मर्मत कार्य भईरहँदा आगामी आ.व.मा नयाँ पुल निर्माण हुन सक्ने जानकारी प्राप्त हुन आएकोले हाललाई सो पुलको मर्मत कार्य रोकी भएको कामको मूल्याङ्कन अनुसारको भुक्तानी दिई बाँकी काम रोक्न उपभोक्ता समितिलाई जानकारी गर्ने निर्णय गरियो ।

१२) यस गाउँपालिकाको वडा नं. ८ स्थित सिमलचौर फाँट सिँचाईको भूमिगत सिँचाई सम्भाव्यता अध्ययनको लागि उक्त सिमलचौर फाँट सिँचाईमा विनियोजित रु. २५,००,०००।- बाट रु.४,६०,०००।- (रु.चार लाख साठी हजार मात्र) रकम छुट्टयाउने निर्णय गरियो ।

१३) साविक भुलभुले गा.वि.स. वडा नं. २ हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ सिमलचौर स्थित Type II स्वास्थ्य चौकी निर्माणका लागि साविक भुलभुले गा.वि.स. वडा नं. २ हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बस्ने श्री हर्क बहादुर गुरुङको नाति श्री मन बहादुर गुरुङको छोरा श्री निर बहादुर गुरुङको कि.नं. ८०१ को क्षेत्रफल ४.३.३.२ रहेको जग्गा मध्ये ०.१०.०.० क्षेत्रफल जग्गा स्वास्थ्य चौकी निर्माणका लागी निशूल्क दान गर्न राजीखुशी हुनुभएकोले उक्त जग्गा मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ सिमलचौर स्थित सिमलचौर स्वास्थ्य चौकीको नाममा नामसारी गर्ने निर्णय गरियो ।